# गुर्भाकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शुभाघाट, सुर्खेत कर्णाली प्रदेश नेपाल

# आर्थिक वर्ष २०८३।८४ को
# नीति तथा कार्यक्रम

२०८३ असार १० गते बुधबार
नेपाल सम्बत् ११४६ तछलाथ्व १० बुधबार
सिटिहल, खैरेनी मेहेलकुना

# गुर्भाकोट नगरपालिका नगरसभाको १९ औं नगरसभा समुद्घाटन समारोहमा नगर प्रमुख श्री हस्त पुनज्यूद्वारा प्रस्तुत

## आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम

नेपाली जनताको लामो त्याग र बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्था बमोजिम गठन भएको गुर्भाकोट नगरपालिका नगरसभाको १९ औं अधिवेशनमा उपस्थित

**नगरसभाका आदरणीय सदस्यज्यूहरु,**

मुलुक सङ्घीय संरचनामा गएपछि सम्पन्न दोस्रो आवधिक निर्वाचनबाट पुनः निर्वाचित भई आएको दोस्रो कार्यकालको पाँचौं वर्षमा प्रवेश गरेको यस गुर्भाकोट नगरपालिकाको गरिमामय नगर सभामा उपस्थित भई आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित महसुस गरेको छु।

नेपालमा नागरिक सर्वोच्चता, लोकतन्त्रको स्थापना, मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासका विभिन्न कालखण्डमा भएका संघर्ष तथा आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात—अज्ञात शहीदहरूप्रति सर्वप्रथम हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै उक्त संघर्ष तथा आन्दोलनमा सक्रिय रूपमा सहभागी भई घाइते, बेपत्ता तथा अपाङ्गता भएका व्यक्तिहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

यस गुर्भाकोट नगरपालिकाको १९ औं नगर सभाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, नागरिकका मौलिक हक, नेपाल सरकारले भर्खरै स्वीकृत गरेको सोह्रौं योजना, कर्णाली प्रदेश सरकारले स्वीकृत गरेको दोस्रो पञ्चवर्षीय योजना, यस नगरपालिकाले २०८० सालमा स्वीकृत गरेको पञ्चवर्षीय आवधिक योजना, संघ तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरू, चालु आ.व. का नीति तथा कार्यक्रमहरूको निरन्तरता, स्थानीय सरकार सञ्चालन सम्बन्धी नीतिगत व्यवस्थाहरू, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, हामीले जनतामाझ गरेका प्रतिबद्धता तथा चुनावी घोषणापत्र, दिगो विकास लक्ष्यहरूको स्थानीयकरण र आन्तरिकीकरण, मानव विकासका समग्र पक्षहरू, नगरपालिकामा क्रियाशील राजनीतिक दलका प्रतिनिधिहरू तथा स्थानीय

बौद्धिक व्यक्तित्वहरूबाट प्राप्त सुझावहरू, साथै आम नगरवासीहरूको चाहना र यहाँका सम्भावनाहरूलाई आधारका रूपमा लिइएको छ।

गुर्भाकोट नगरवासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरूलाई आधारभूत सेवा प्रवाह, विकास व्यवस्थापन र सुशासन सुनिश्चित गर्दै भरोसायोग्य स्थानीय सरकारको रूपमा स्थापित गर्ने यस नीतिको प्रमुख उद्देश्य रहेको छ।

**सभामा उपस्थित आदरणीय सदस्यज्यूहरू,** अब म आगामी आर्थिक वर्ष **२०८३/०८४** मा यस गुर्भाकोट नगरपालिकाले सञ्चालन गर्ने वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु।

## १. सामाजिक विकास

### शिक्षातर्फः-

१. विद्यालय शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक तथा प्र.अ. लाई थप जिम्मेवार बनाइने छ साथै आवश्यक व्यवस्थापकीय तालिम प्रदान गरी क्षमतामा वृद्धि गरिनेछ ।

२. हाल निर्माण भएको शिक्षा विकास योजनालाई समसामयिक रुपमा अद्यावधिक गरी थप प्रभावकारी बनाइने छ साथै संघ, प्रदेश तथा सहयोगी संस्थाहरुको सहयोग तथा समन्वयमा कार्यान्वयन गरिदै लगिने छ ।

३. विद्यालय समायोजन, नक्साङ्कन र विद्यालयको भौतिक सर्वेक्षण द्वारा सेवा प्रवाहको क्षेत्र निर्धारण गरिनेछ, विद्यार्थी संख्या न्यून भएका विद्यालयमा बिग स्कुलको अवधारणा अनुसार विद्यालय गाभ्ने र कक्षा घटाउने नीति लिइनेछ साथै भौगोलिक अवस्थाले विकट क्षेत्रहरुका विद्यार्थीहरुलाई केन्द्रित गरी आवाशिय विद्यालयको संचालन व्यवस्थापन गरिनेछ।

४. बालविकास कक्षालाई बालमैत्री सिकाइ वातावरण अभिवृद्धि गरी बालशुलभ सिकाइ गर्न बालविकास सहजकर्ताहरुको क्षमता विकास गरिनेछ।

५. शिक्षण पद्धती तथा मुल्यांकन प्रणालीमा सुधार गर्नका लागि कक्षागत तथा विषयगत सिकाइ उपलब्धी परीक्षण सम्बन्धि आवश्यक क्षमता विकास गरिनेछ साथै कक्षा ८ को वार्षिक परीक्षालाई नगरस्तरीय रुपमा सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

६. विद्यालय शिक्षा सवैका लागि अनिवार्य र निःशुल्क रुपमा प्रदान गर्ने साथै लक्षित समूहको भर्ना र निरन्तरतालाई सुनिश्चित गर्ने नीति लिइनेछ। नीजि विद्यालयहरुको शुल्क तथा नियमानुसार प्रदान गर्नुपर्ने छात्रवृत्तिको कार्यान्वयनको लागि कडाइका साथ नियमन गरिनेछ ।

७. प्रत्येक विद्यालयमा एक ( IEMIS Focal Person ) शैक्षिक सूचना व्यवस्थापन फोकल पर्सन तोकि शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित गरिने छ । साथै शिक्षामा सूचना प्रविधिको उपयोग गरी गुणस्तरमा सुधार गर्न आवश्यक साधन स्रोतको व्यवस्थापन र क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

८. प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमको अवसरमा विस्तार गरी तालिमलाई स्थानीय आवश्यकता र श्रम बजारको माग संघ तालमेल हुने गरी सञ्चालन गरिनेछ।

९. स्थानीय पाठ्यक्रम हाम्रो गुर्भाकोट कक्षा (१-८) को प्रभावकारी कार्यान्वयन गर्न कक्षागत रुपमा स्थानीय पाठ्यपुस्तक निर्माण गरी वितरण गरिनेछ । साथै उक्त पाठ्यक्रमको समसामयिक परिमार्जन समेत गरिनेछ ।

१०. विद्यालय शिक्षाको गुणस्तर बढाउन प्रधानाध्यापकहरुलाई विद्यालयको शिक्षक-कर्मचारीहरुको मुख्य अनुगमणकर्ता मानी दैनिक कक्षा अवलोकण तथा अनुगमन गरी मासिक प्रतिवेदन नगर शिक्षा शाखामा बुझाउने गरी जिम्मेवारी बनाउने नीति अवलम्बन गरिनेछ साथै वडा शिक्षा समिति, नगर शिक्षा समिति र शिक्षा शाखाद्वारा विद्यालयहरुको नियमित तथा आकस्मिक अनुगमन गर्ने नीति लिइनेछ । यसका साथै विद्यालय प्र अ र वि व्य स अध्यक्षहरुसंग द्धिपक्षीय कार्यसम्पादन करार समेत गरिनेछ ।

११. सामुदायिक विद्यालयहरुमा अभिभावकहरुको सकारात्मक भुमिका अभिवृद्धि गर्नुका साथै, अभिभावक, शिक्षक र विद्यार्थीहरुको सम्बन्ध विस्तार गर्न उत्प्रेरणामूलक कार्यक्रमहरु संचालन गरी शैक्षिक गुणस्तर विकासमा अभिभावकहरुको जिम्मेवारी बढाउन समुदाय स्तरमा अभिभावक शिक्षा तथा संवाद कार्यक्रम संचालन गरिनेछ ।

१२.सवै विद्यालयमा खेलकुद शिक्षकहरुको क्षमता विकास गरी विद्यालयमा खेलकुद, अतिरिक्त तथा सह क्रियाकलापहरु र योग अभ्यास गराइनेछ यसका लागि थप टेवा पुर्‍याउन प्रत्येक बालबालिकाको सहभागिता हुनेगरी नगर स्तरमा विभिन्न खेलकूद प्रतियोगिता संचालन गरि बालवालिकाहरुको सर्वाङ्गिण विकासमा टेवा पुर्याइनेछ ।

१३. सामुदायिक सिकाइ केन्द्रलाई सुदृढ गर्दै आजीवन तथा निरन्तर शिक्षा र सिप विकासको केन्द्र बनाउनुका साथै आधारभूत शिक्षा प्राप्त नगरेका विद्यालयबाहिर रहेका बालवालिकाहरुको तथ्याङ्क संकलन गरी शैक्षिक पहुँच विस्तार गर्न वैकल्पिक अनौपचारिक शिक्षाका कार्यक्रम मार्फत विद्यालय शिक्षामा सहभागिता अभिवृद्धि गर्ने नीति लागू गरिनेछ ।

१४.हरेक युवा तथा नागरिकहरुको शारीरिक तथा मानसिक स्वस्थ रहनका लागि विद्यालयस्तरमा राष्ट्रपति रनिङ्ग शिल्ड, नगरस्तरीय मेयर कप तथा नव वर्ष कप लगायत प्रत्येक वडामा हुने खेलकुद तथा अन्य खेलकुद कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१५.स्थानीय उपजमा आधारित विद्यालय दिवाखाजा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न विश्व खाद्य कार्यक्रम (WFP) संगको साझेदारीतामा दिवाखाजा व्यवस्थापन संग सम्बन्धित विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ । साथै उक्त कार्यक्रमको नियमित अनुगमन तथा रिपोर्टिङ गरिनेछ ।

१६.शैक्षिक, भौतिक, तथा व्यवस्थापकीय सक्षमता विकासको लागि विभिन्न साझेदार निकायहरु संग आपसी साझेदारी गरी शैक्षिक गुणस्तर विकासमा टेवा पुर्याइनेछ।

१७.सूचकमा आधारित अनुगमन, मूल्याङ्कन सुपरीवेक्षण, मेन्टरिङ्ग र पृष्ठपोषणका लागि विषय विज्ञको समूह निर्माण र परिचालन गरिनेछ । यसका साथै विषयगत शिक्षकको तालिम सञ्चालन गरी कक्षाकोठामा आधारित शिक्षकको पेसागत विकासलाई निरन्तरता दिइनेछ।

१८.महिला, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाती र सवै खाले विविधता भएका विद्यार्थीका लागि उपयुक्त सिकाईमैत्री वातावरण तयारी गरिनेछ । साथै परिवर्तीत सन्दर्भमा ज्ञान अद्यावधिक गर्न पुस्तकालयको विस्तार, प्रविधिमैत्री पुस्तकालय र विद्युतीय कक्षामा जोड दिइ आजीवन सिकाइ र खुला सिकाइको प्रवर्द्धन गरिनेछ।

१९. संघ, प्रदेश तथा अन्य निकायको सहकार्यमा पठनपाठनको लागि सहज वातावरण निर्माण गर्न भौतिक संरचनाको विकासलाई निरन्तरता दिइनेछ साथै विद्यालय संरचनाहरु अपाङ्गतामैत्री तथा बालमैत्री बनाइनेछ ।

२०. आगामी आ व देखि विद्यालय लेखा प्रणालीलाई व्यवस्थित, प्रविधिमा आधारित गर्न लेखा सम्बन्धि कामगर्ने जनशक्तिलाई IEMIS System बाट नै भुक्तानी प्रक्रियाको सुरुवात गर्न आवश्यक लेखा प्रणाली सम्बन्धि तालिम प्रदान गरी भुक्तानी प्रक्रियालाइ सरलीकरण तथा एकरुपता गरिनेछ ।

## स्वास्थ्य सेवातर्फः-

२१.सामाजिक तथा मानव विकासको महत्वपूर्ण आधार स्वस्थ नागरिक हुन् । नागरिकलाई शारीरिक, मानसिक ,सामाजिक तथा संबेगात्मक रुपमा सबल र सक्षम बनाई स्वस्थ, समृद्ध, बौद्धिक र सभ्य मानव पुँजी निर्माण गर्न प्रत्येक वडाहरुबाट आधारभूत स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

२२.आयुर्बेद, होमियोप्याथी, प्राकृतिक एवं बैकल्पिक चिकित्सा, मानसिक स्वास्थ्य, नाक कान घाटी, मुख स्वास्थ्य लगायतको निरोधात्मक , प्रवर्द्धनात्मक, उपचारात्मक, प्रशामक एवं पूनर्स्थापना सेवालाई एकीकृत रुपमा सञ्चालन गरिनुका साथै नागरिकहरुको स्वास्थ्यलाई सु-सुचित गर्न दुर सञ्चार स्वास्थ्य सेवा (Telemedicine Service) सञ्चालन गरिनेछ।

२३.खोप केन्द्र, गाउँघर क्लिनिक, स्वास्थ्य आमा समूहमा स्वास्थ्य प्रवर्द्धनका लागि जनप्रतिनिधि, स्वास्थ्यकर्मी, म.स्वा.से. र सरोकारवालाहरुको सहकार्यमा समुदायमा आधारित स्वास्थ्यको प्रर्वद्धन कार्यक्रमलाई अझ प्ररिष्कृत र परिमार्जित गरी सञ्चालन गरिनेछ ।

२४.नसर्ने तथा सरुवा रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि खानपान र जीवनशैली सुधारका कार्यक्रम गरिनुका साथै निदान, उपचार एवं प्रेसन सेवा व्यवस्थित गरिनेछ ।

२५.स्वास्थ्यकर्मी परिचालन गरि जेष्ठ नागरिक, अपाङ्गता, सिमान्तकृत, लोपोन्मुख, एकल महिला, सुत्केरी आमा लगाएतहरुको जटिल स्वास्थ्य समस्या भएका व्यक्तिहरुको पहिचान र तथ्याङ्क संकलन गरी घरदैलो तथा विशेष स्वास्थ्य सेवा उपलब्ध गराइने छ ।

२६.मातृ तथा नवजात शिशुको मृत्यु हुन नदिन गर्भवती तथा सुत्केरी आमासंघ उपमेयर कार्यक्रम मार्फत मातृ तथा नवजात शिशु सुरक्षा कार्यक्रम सञ्चालन गरिनुका साथै पालिकाभित्र दक्ष जनशक्तिद्वारा प्रसुती सेवा प्रदान गरिनेछ र प्रशव जटिलता भएका आमाहरु एवं मेहेलकुना अस्पतालद्वारा प्रेषण गरिएका जेष्ठ नागरिकहरुलाई सुविधा सम्पन्न स्वास्थ्य संस्थामा लैजान एम्बुलेन्स सेवा निशुल्क उपलब्ध गराउने कार्यलाइ निरन्तरता दिइनेछ ।

२७.सुनौला १००० दिनका आमाहरु तथा किशोरीहरुको पोषण स्थिती सुधारका लागि पोषण विशेष तथा पोषण संवेदनशिल कार्यक्रमहरु सञ्चालन गर्दै टोल, बस्ती, वडा तथा पालिकालाई सन २०३० (वि.सं. २०८७) सम्म पोषणमैत्री स्थानीय तह घोषणा गरिनेछ।

२८.स्वास्थ्य संरचनाहरुलाई लैङ्गिक, जेष्ठ नागरिक, अपाङ्गता तथा किशोर किशोरीमैत्री बनाई पहुँचयुक्त बनाउनुका साथै सो अनुरुप प्रभावकारी सेवाको व्यवस्था मिलाईनुका साथै आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउन स्वास्थ्य संस्थामा न्यूनतम सेवा मापदण्ड लागू गरि सो अनुसार आवश्यक जनशक्ति, औजार उपकरण तथा औषधिजन्य सामग्रीहरुको नियमित आपूर्ति ब्यबस्था मिलाईनेछ।

२९.नागरिकहरुलाई आर्थिक अभावका कारणले उपचारबाट वञ्चित हुन नदिन विपन्न नागरिक उपचार कोषलाई निरन्तरता एवं स्वास्थ्य वीमा कार्यक्रमको व्यवस्था गरिनुका साथै अन्य सम्पूर्ण नागरिकहरुलाई समेत स्वास्थ्य बीमामा आबद्ध गराईनुका साथै जटिल स्वास्थ्य समस्या भई शल्यक्रिया गर्दा आवश्यक पर्ने रगतको व्यवस्था निःशुल्क उपलब्ध गराइने छ सो कार्यको सहजताको लागि मेहेलकुना अस्पताल, नेपाल रेडक्रस सोसाइटी सुर्खेत र नगरपालिकाको समन्वय, सहकार्य र साझेदारीमा मेहेलकुना अस्पतालमा ब्लड बैंक स्थापनाको लागि पहल गरिने छ।

३०.निजी स्वास्थ्य संस्थालाई नियमन गर्दै सर्वसुलभ, गुणस्तरीय तथा जिम्मेवार बनाउन आवश्यक सहकार्य गरिनेछ ।

३१.विपद तथा महामारी नियन्त्रण र व्यवस्थापनका लागि पालिका तथा वडास्तरमा वहुपक्षीय सहकार्य गरी द्रुत प्रतिकार्य टोली (RRT) गठन गर्ने, तालिम दिइनेछ , आपतकालिन सामग्रीएबम् औषधी स्टक राख्ने र नियन्त्रण तथा व्यवस्थापनका लागि तयारी अवस्थामा राखिने छ ।

३२.क्षयरोगमुक्त नेपाल घोषणा अभियान कार्यक्रमलाई सहयोग पुग्ने गरी "क्षयरोगमुक्त गुर्भाकोट नगरपालिका हाम्रो प्रतिबद्धता" भन्ने मुल नाराका साथ पालिकाको सहकार्यमा प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

३३.महिलाहरुको पाठेघरको क्यान्सर एबम् अन्य प्रजनन् रुग्णता न्यूनीकरणका लागि महिनावारी स्वच्छता, स्वास्थ्य संस्थामा HPV /DNA, VIA शिविर तथा सचेतनामुलक कार्यक्रम गरिनुका साथै किशोरीहरुलाई पाठेघरको क्यान्सर विरुद्धको खोप लगाउने व्यवस्था मिलाईनेछ ।

३४.हाल बढ्दै गइरहेको मानसिक स्वास्थ्य समस्याहरुको पहिचान, न्यूनिकरण उपचार तथा व्यवस्थापन गर्न पालिकाको मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीति एवं कार्ययोजना अनुरुप विभिन्न सचेतनात्मक कार्यक्रम र विशेषज्ञ शिविरहरु सञ्चालन गरिनेछ ।

३५.नागरिकको आँखा उपचार सेवा सर्वसुलभ र प्रभावकारी बनाउन नेत्रज्योति संघ, राप्ती आँखा अस्पताल र नेपाल रेडक्रस शाखा सुर्खेत लगायत सरोकारवाला निकायसँग समन्वय गरी आँखा उपचार केन्द्रबाट आँखा अस्पताल स्थापनाका लागि पहल एबम् विद्यालय र समुदायमा आँखा स्वास्थ्य कार्यक्रम/शिविर सञ्चालन गर्न सामुदायिक आँखा उपचार केन्द्र मेहेलकुनालाई अनुदान सहयोग उपलब्ध गराइनेछ ।

३६.स्वास्थ्य क्षेत्रमा तथ्याङ्कको आधारमा नीति, योजना तर्जुमा एवं बजेट व्यवस्थापन गरी स्वास्थ्यको सूचाङ्कमा सुधार ल्याउन स्वास्थ्य संस्थाहरुको अभिलेख तथा प्रतिवेदन व्यवस्थित र समयानकुल बनाउन विद्युतीय स्वास्थ्य प्रणालीको विकास गरिदै लगिने छ ।

३७.नेपाल सरकार, प्रदेश सरकार एवं गुर्भाकोट नगर सरकारले लिएको स्वास्थ्यहरुको लक्ष हासिल गर्न तथा दिगो विकास लक्ष्य हासिल गर्न अन्तराष्ट्रिय एवं राष्ट्रिय लक्ष्य तथा प्रतिवद्धताहरु पुरा गर्न सरकारी तथा गैर सरकारी संघसंस्था, निजी क्षेत्र एवं सरोकारवाला निकायहरुसंघ समन्वय, सहकार्य र साझेदारी गरिनेछ ।

३८.स्वास्थ्य संस्था र सेवा प्रदायक स्वास्थ्यकर्मीहरुलाई स्वास्थ्य सेवा, आम नागरिक र सेवाग्राही प्रति जवाफदेही एवं उत्तरदायि बनाउन सामाजिक जवाफदेहितामा आधारित सामाजिक परीक्षण कार्यक्रम गरिनेछ ।

३९.गुर्भाकोट नगरपालिकाका जनप्रतिनिधि, स्वास्थ्यकर्मी, आमा समूह वीचको समन्वय र सहकार्यमा समुदायमा स्वास्थ्य प्रवर्धनात्मक कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै समुदायमा स्वास्थ्यका सन्देश प्रवाह गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीकाहरुको कार्यलाई उच्च सम्मान गर्दै प्रोत्सहान गरिनेछ ।

४०.माध्यमिक तथा आधारभूत विद्यालयहरूमा उपलब्ध जनशक्तिको परिचालनमार्फत विद्यालय स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

४१. बढ्दो शहरीकरण संगै अस्वस्थ जीवनशैलीलाई परिवर्तनका लागि स्वच्छ गाउँ शहर निर्माण गर्न तहगत सरकार तथा साझेदारी निकायहरुको सहकार्य तथा साझेदारीमा आवश्यक क्रियाकलाप संचालन गरिनेछ ।

## महिला बालबालिका तथा सामाजिक समावेशिकरणः-

४२.दिगो विकास लक्ष्यको सोच कायान्र्वयन गर्नका लागि समाजमा पछाडि पारिएका वर्ग ,क्षेत्र , समुदायको उत्थानका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८३ लागू गरिनेछ ।

४३.नगरपालिकाको अनाथ असहाय तथा जोखिममा परेका बालबालिकाका लागि हामी अभिभावक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४४.बालविवाहमुक्त हाम्रो नगर बालमैत्री समृद्ध गुर्भाकोट भन्ने संकल्पलाई आत्मसात गर्दै बालविवाह मुक्त नगर कायम गर्न सचेतनामूलक कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

४५.नगर क्षेत्रका विद्यमान लैंङ्गिक हिंसा सामाजिक कुरीतिहरु न्युनिकरण गर्नका लागि सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४६. दलित समुदायको हक अधिकारको संरक्षण तथा प्रवर्द्धन एन २०८३ मा भएका व्यवस्थाहरुलाई लागू गरिनेछ ।

४७.नगरभित्रका नागरिकलाई आफ्नो धार्मिक स्वतन्त्रतामा रही आफ्नो धर्मसंस्कृतिको संरक्षण र अभ्यासका लागि समान व्यवहार गरिनेछ ।

४८.गैर सरकारी संघ संस्थाहरुसँग निरन्नतर समन्वय तथा साझेदारीलाई प्राथमिकता दिइनेछ ।

४९.संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव नं १३२५ र १८२० कार्यान्वयनलाई प्राथमिकता दिइनेछ ।

५०.नगरपालिका भित्रका जीवन संकटमा रहेका महिला , बालबालिका तथा बृद्ध अवस्थाका जीवन संकटमा रहेका नागरिकको बसोबासका लागि विभिन्न संघसंस्था संग सहकार्य गरी व्यवस्थापन गरिनेछ ।

५१.कार्यस्थललाई यौनजन्य उत्पीडन,शोषण तथा दुर्व्यवहारमुक्त बनाउन कार्यस्थलमा हुने यौनजन्य उत्पीडन, शोषण तथा दुर्व्यवहारबाट सुरक्षा नीति, २०८३ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। साथै, एकल

महिलाको अधिकार, सुरक्षा तथा सशक्तीकरणका लागि एकल महिला सुरक्षा कोष स्थापना गरी सञ्चालन गरिनेछ।

**सामाजिक सुरक्षाः-**

५२. घटनादर्ता तथा सामाजिक सुरक्षा सेवासम्बन्धी अभिलेख व्यवस्थापनलाई व्यवस्थित गर्न सबै वडामा अभिलेख रजिस्टर, नयाँ दर्ता, लगतकट्टा, भत्ता विवरण, बैंक विवरण तथा लाभग्राही विवरण सुरक्षित राखिने प्रणाली स्थापना गरिनेछ। साथै वडा सचिवहरूको क्षमता विकासका लागि प्रविधिमैत्री तालिम सञ्चालन गरिनेछ।

५३. सामाजिक सुरक्षा तथा घटनादर्ता सेवासम्बन्धी जनचेतना अभिवृद्धिका लागि वडा कार्यालयसँगको साझेदारीमा सूचना सम्प्रेषण, वार्षिक घटना दर्ता सप्ताह सञ्चालन तथा नविकरण प्रक्रियामा Iris तथा बायोमेट्रिक प्रविधि प्रयोगलाई वडा सम्म पुऱ्याइ अनलाइन प्रणालीमार्फत सामाजिक सुरक्षा परिचयपत्र अनिवार्य रूपमा लागू गरिनेछ ।

५४. पूर्ण घटनादर्ता पालिका घोषणाको लागि विभाग संग समन्वय गरी आवश्यक प्रक्रिया अघि बढाइनेछ ।

# २. आर्थिक विकास

**कृषि तथा पशुपालनः-**

५५. निर्वाहमुखी कृषि तथा पशुपन्छीपालन प्रणालीलाई व्यवसायिक एवं आधुनिक बनाउदै कृषि तथा पशु उपजमा पालिकालाई आत्मनिर्भर तुल्याउन यान्त्रिकरण तथा विशिष्टिकरण गरिनेछ ।

५६.माटोको गुणस्तर संरक्षण तथा उर्वराशक्ति अभिवृद्धिका लागि **माटो परीक्षण, प्राङ्गारिक मलको उत्पादन तथा प्रयोग**लाई विशेष प्राथमिकता दिँदै आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

५७.संघ, प्रदेश र गैरसरकारी संघ संस्था संगको समन्वयमा कृषक समुह र सहकारीमा लागत साझेदारीका कार्यक्रमहरु अघि बढाई कृषि र पशुपालन क्षेत्रमा गरिने लगानी अभिवृद्धिको सुनिश्चतता गरिनेछ ।

५८.जलवायु परिवर्तनले गर्दा हुने असर तथा रोगकिरा नियन्त्रणका कार्यक्रमहरुमा जोड दिई रोगकिरा नियन्त्रण, पशुपन्छी रोग नियन्त्रण कार्यक्रम तथा आ.पी.एम पद्दतिलाई विशेष प्राथामिकता दिइनेछ ।

५९.उच्च मूल्य जाने कृषि उपज तथा पशु उत्पादन हुने स्थानहरुलाई पकेट क्षेत्रको रुपमा घोषणा गरि त्यस्ता स्थानहरुमा उत्पादन वृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ।

६०.बाझो तथा सुख्खा जमिन उपयोगका लागि विभिन्न संघसंस्था संग समन्वय गरि फलफुलखेति विस्तार तथा सिचाइका कार्यक्रमहरु संचालन गरिनेछ ।

६१. विभिन्न कार्यक्रम तथा योजना तर्जुमाका लागी पालिकामा रहेका वास्तविक कृषक तथा पशुपन्छीपालकको तथ्याङ्क संकलन गर्नका निम्ती कृषि तथ्याङ्कलाई अध्यावधिक गरिनेछ ।

६२. पालिकामा उत्पादित कृषि तथा पशुजन्य उपजको बजारीकरणलाई प्रभावकारी बनाउन हाटबजार सञ्चालनलाई व्यवस्थित गरिनेछ। कृषकहरूको उत्पादन ढुवानीका लागि सहकार्यमा सवारी साधन खरिद गरिनेछ। हाल सञ्चालनमा रहेको शीत भण्डारलाई समेत व्यवस्थित तथा प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। साथै कृषि तथा पशुजन्य उत्पादनहरूको मूल्य शृङ्खला विकासका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

६३.गुणस्तरीय वीउविजनको प्रयोगले कृषि उत्पादन वृद्दिका लागी अनुदानमा खाद्यान्न तथा तरकारी वालिको वीउविजनका वितरण कार्यक्रम संचालनमा ल्याईनेछ।

६४.दुध तथा मासुमा पालिकालाई आत्मनिर्भर बनाउनका लागी उन्नत जातका नश्ल वितरण, कृतिम गर्भाधान तथा सचेतनाका कार्यक्रमहरु संचालनमा ल्याईनेछ साथै उत्पादनमा आधारित दुधमा दिने अनुदानलाई निरन्तरता दिइनेछ ।

६५.पशु स्वास्थ्य तथा पशु आहार व्यवस्थापनका लागी साझेदारीमा हिउँदे, वर्षे तथा बहुवर्षिय उन्नत जातका घाँसका वीउ तथा बेर्ना वितरण कार्यक्रम संचालनमा ल्याईनेछ।

६६.कृषि तथा पशुपन्छी रोग उपचारको लागी पालिकामा रहेका पशु सेवा केन्द्र, कृषि तथा पशु प्राविधिकको माध्यमबाट नियमित रुपमा सेवा प्रदान गरिनुका साथै प्राविधिक सल्लाह दिईनेछ।

## उद्योग तथा व्यवसाय प्रवर्धनः-

६७.उपप्रमुख उद्यमशिलता तथा युवा स्वरोजगार कार्यक्रम मार्फत स्थानीय तथा स्वदेशी कच्चा पदार्थको उपयोग गरी संचालन हुने स्थानीय माग र आवश्यकतामा आधारित सीप विकास तालीमलाई प्राथमिकता र निरन्तरता दिईनेछ ।

६८.दर्ता प्रकृयामा आबद्द नभएका उद्योग/व्यापारला ई दर्ता प्रकृयामा ल्याउन अभिमुखिकरण तथा सहजिकरण गरिनेछ।

६९.दीर्घकालीन आयआर्जनमा सहयोग पुग्ने युवा, महिला, अपाङ्गता भएका अल्पसंख्यक, सिमान्तकृत व्यक्तिहरुलाई उद्यमशिलतामा जोड दिन संघ प्रदेश र साझेदार संस्थाहरुसंग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ।

७०.नयाँ उद्यमीहरुका लागी उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिई त्यसको प्रभावकारीता अभिवृद्धिमा जोड गरिनेछ।

७१.स्थानीय उत्पादनलाई प्रर्दशनी, कोसेली गृह संचालन, मेला, महोत्सव स्टल मार्फत प्रचारप्रसार र बजारीकरणलाई निरन्तरता दिइनेछ ।

७२.स्थानीय व्यापार, व्यवसायलाई कानून सम्वत, अनुशासित, मर्यादित र जिम्मेवार बनाउन बजार अनुगमनलाई निरन्तर र प्रभावकारीता अभिवृद्धिमा जोड दिइनेछ ।

७३. स्थानीय कृषि तथा पशु उत्पादन र वन पैदावरको उपयोग हुने गरी निजी तथा समूह सहकारीको साझेदारीमा उद्योग संचालन गर्न आवश्यक पहल गरिनेछ ।

## श्रम तथा रोजगारः-

७४.वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको सीप र क्षमताको स्थानीय स्तरमै उपयोग गर्न आवश्यक नीति तर्जुमा गरी समन्वय गरिनेछसाथै तालिम प्राप्त जनशक्तिहरुको सीप परीक्षणमा सहजिकरण गरिनेछ ।

७५. आन्तरिक रोजगारी सिर्जनाका लागि सरकारी, निजी तथा सरोकारवालासँग सहकार्य र समन्वयलाई जोड दिइनेछ।

७६. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूका लागि पुनः श्रम स्वीकृति, परामर्श, बीमा तथा राहत प्रक्रियामा नगरपालिकाबाट सहजीकरण गरिनेछ।

७७. रोजगार, सीप तथा उद्यमशीलता विकास केन्द्रमार्फत वैदेशिक रोजगार बोर्डका कल्याणकारी सेवाहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

७८.नगरपालिका भित्रका औपचारिक, अनौपचारिक, स्वरोजगार तथा रोजगारदाता सबैलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन आवश्यक पहल गरिनेछ।

## सहकारीः-

७९. नगरपालिकाको कार्यक्षेत्र भित्र रहेका सहकारी संस्थाको प्रवर्धन प्रभावकारी नियमन, क्षमता विकास, सहकारी शिक्षा वित्तीय साक्षरता मार्फत स्रोत साधन र पूँजीलाई उत्पादनशिल एंव आयमूलक क्षेत्रमा परिचालन गरी सहकारी संघसंस्थाको संस्थागत सुदृढिकरण तथा क्षमता विकास गरिनेछ ।

८०.समाज रुपान्तरण तथा आर्थिक विकासमा थप टेवा पुऱ्याउन विभिन्न कार्यक्रम संचालन गर्न प्रेरित गर्दै उद्देश्यपरक क्षेत्र भन्दा बाहिर गइ कार्य गर्ने सहकारीलाई कानून बमोजम कारवाहि गरिने छ राम्रा सहकारीहरुलाई पुरस्कृत गरिनेछ ।

## पर्यटनः

८१.पर्यटन क्षेत्रलाई क्षेत्रगत विकास अवधारणाअन्तर्गत योजनाबद्ध रूपमा विकास र विस्तार गरिनेछ। नयाँ तथा सम्भावित पर्यटन गन्तव्यहरूको पहिचान, अभिलेखीकरण, पूर्वाधार सुदृढीकरण र प्रचार—प्रसारमार्फत पर्यटन प्रवर्द्धन गरिनेछ।

८२.भेरी नदीमा राफ्टिङ, जल यातायात तथा होमस्टे विकासको सम्भाव्यता अध्ययन गरी सञ्चालनमा रहेका गतिविधिहरूलाई व्यवस्थित गरिनेछ। साथै भोटेचुली, खटाङ्ग, खैरेनी, मालारानी गुफा, चमेरे गुफा, राम्रीकाँडा दह, दुरविन डाँडा, जुरीचुला, कोट, खारखोला झरना, झालेपर लगायतका पर्यटकीय स्थलहरूको क्रमागत रुपमा विकास, संरक्षण र प्रवर्द्धन गरिदै लगिनेछ। गुमी सैयाँताल सिमसार क्षेत्रको संरक्षणका लागि आवश्यक

अध्ययन गरिनेछ। साथै पर्यटकीय सम्भावनालाई थप विस्तार गर्न **केवलकार** (Cable Car) **सञ्चालनको सम्भाव्यता अध्ययन** समेत गरिनेछ।

### गरिवी निवारणः

८३.घरधुरी सर्भेक्षणमार्फत गरिब घरपरिवार पहिचान गरी रोजगारमुलक सीप विकास तथा रोजगकारीका अवसरहरु विस्तार गर्दै आर्थिक सशक्तिकरण गरिनेछ ।

## ३.पूर्वाधार विकासः-

### भौतिक पूर्वाधारः-

८४. योजना छनौट तथा निर्माण गर्दा गुणस्तर, समय, लागत र दूरी न्यूनीकरणसँगै आर्थिक लाभलाई प्राथमिकता दिइनेछ।

८५. तथ्य र प्रमाणमा आधारित नीति तथा योजना तर्जुमा प्रणाली सुदृढ गर्दै स्थानीय स्रोत, परम्परागत सीप र ज्ञानको उपयोग गरी बौद्धिक सम्पत्तिको संरक्षण गरिनेछ।

८६.कर्मचारीहरूको क्षमता अभिवृद्धि तथा प्रविधिमैत्री कार्य प्रणाली विकासका लागि आवश्यक तालिम सञ्चालन गरिनेछ।

८७. जलजन्य विपदबाट मानव बस्ती, कृषि भूमि र पूर्वाधार संरक्षण गर्दै विपद् न्यूनीकरणका लागि तटबन्ध तथा नियन्त्रण कार्य निरन्तर गरिनेछ।

८८.भवन निर्माण तथा नक्सापास प्रक्रियालाई व्यवस्थित बनाउन भवन मापदण्ड र कार्यविधि तयार गरी अनिवार्य रूपमा लागू गरि गर्दै क्रमश डिजिटल प्रणालीमा रुपान्तरण गरिनेछ साथै भूकम्प प्रतिरोधी भवन निर्माणसम्बन्धी जनचेतना अभिवृद्धि तथा श्रमिक र प्राविधिकहरूको क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

८९.निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न प्रयोगशाला सामग्री तथा उपकरण व्यवस्थापनका साथै प्राविधिक क्षमता अभिवृद्धि गरिनेछ।

९०. पूर्वाधार निर्माणलाई लैङ्गिक, बालमैत्री, ज्येष्ठ नागरिकमैत्री तथा अपाङ्गमैत्री बनाउने नीति अनिवार्य गरिनेछ।

९१. पहिरो नियन्त्रणका लागि बायो-इन्जिनियरिङ प्रविधिको प्रयोगलाई प्राथमिकता दिइनेछ।

९२. सडक तथा अन्य हेभी मेसिनरी प्रयोग हुने निर्माण कार्य उपभोक्ता समितिबाट गरिने अभ्यास निरुत्साहित गरिनेछ।

९३. भेरिगङ्गा नयाँ सहरको सहकार्यमा यसपालिका क्षेत्रको समग्र विकास निम्ति गुरु योजना तयार गरिने छ सोही वमोजिम यस क्षेत्रको  वातावरणीय तथा भौतिक संरचना सुधार गर्दै सडक, खानेपानी, ढल, आवास, हरित क्षेत्र, कृषि क्षेत्र, पर्टकीय क्षेत्र, व्यवस्थित बजार तथा बसपार्कलगायत एकीकृत शहरी पूर्वाधार विकासका लागि संघीय र प्रदेश तथा दातृ निकायहरुसँग समन्वय गरिनेछ।

## भूमि व्यवस्थापन, वस्ति तथा शहरी विकासः-

९४. गुर्भाकोट नगरपालिकाभित्र भूमिको क्षमता र उपयुक्तताका आधारमा भू-उपयोग योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।

९५. जोखिमयुक्त तथा विकासका लागि अनुपयुक्त क्षेत्रहरूको पहिचान गरी अति जोखिम बस्तीहरूको स्थानान्तरण तथा सुरक्षित र एकीकृत बस्ती विकासका लागि आवश्यक थप अध्ययन गरिनेछ।

९६. गुर्भाकोट नगरपालिकालाई आधुनिक, व्यवस्थित र जीवन्त नगरका रूपमा विकास गर्न तहगत सरकार तथा सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ।

९७. भूमि समस्या समाधान आयोगको समन्वयमा १४ वटै वडामा जग्गाधनी लालपूर्जा वितरण अभियानलाई निरन्तरता दिइनेछ।

९८. सार्वजनिक, ऐलानी तथा पर्ती जग्गाको संरक्षण तथा सीमाङ्कन कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

## विधुत एवम् वैकल्पिक ऊर्जाः-

९९. पेट्रोलियम पदार्थको खपत न्यूनीकरण, स्वच्छ तथा वैकल्पिक ऊर्जाको प्रयोग प्रवर्द्धन र वातावरण संरक्षणका लागि 'एक घर-एक विद्युतीय चुलो' वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक पूर्वाधार विकास, विद्युतीय चार्जिङ स्टेशन निर्माणका लागि अध्ययन तथा आवश्यक पहल गरिनेछ।

१००. नगर उज्यालो कार्यक्रमलाई प्रभावकारीरुपमा संचालन गर्न पालिकाभित्रका जलस्रोतको सम्भाव्यता अध्ययन गरी विद्युत उत्पादन गर्न साझेदार निकायसंग सहकार्य गर्ने नीति लिइनेछ ।

# ४.वन, वातावरण तथा विपद् व्यवस्थापन

**वनः-**

१०१. सामुदायिक वन व्यवस्थापनसँगै वनबाट प्राप्त हुने राजस्व संकलनलाई प्रभावकारी बनाइनेछ।

१०२. वन संरक्षणमा समुदायको सहभागिता वृद्धि गर्दै वृक्षारोपण र आगलागी नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ।

१०३. सामुदायिक वन समितिको अभिलेखिकरण गरी एकीकृत वन विकासमार्फत गरिबी निवारणमा योगदान पुऱ्याइनेछ।

**वातावरणः-**

१०४. पूर्वाधार निर्माणमा प्राकृतिक स्रोतको संरक्षण गर्दै दिगो, उत्थानशील र वातावरणमैत्री विकासमा जोड दिँदै विकास र वातावरणबीच सन्तुलन कायम गरी पारिस्थितिक प्रणाली संरक्षण गर्दै वातावरणमैत्री नगरपालिका घोषणाका लागि आवश्यक कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१०५. क्याच्मेन्ट अप्रोचमार्फत जल, जंगल र जमिनको दिगो उपयोग गर्दै समुदायको जीविकोपार्जन सुधार गरिनेछ, साथै लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्दै कम्तीमा ५०% महिला सहभागिता कायम गरिनेछ र जलवायु परिवर्तन अनुकूलन तथा पानीका स्रोतहरूको संरक्षण, पुनर्भरण र दिगो व्यवस्थापनलाई स्थानीय विकास योजनासँग एकीकृत गरिनेछ।

**विपद् व्यवस्थापनः-**

१०६. विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, खोज, उद्धार, राहत तथा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिँदै जोखिम क्षेत्र पहिचान गरी सम्बन्धित निकाय र समुदायसँग समन्वय गरिनेछ।

१०७.मौसम पूर्वानुमान तथा पूर्वसूचना प्रणाली सुदृढ गरी कृषकलाई कृषि मौसम सल्लाह सेवा उपलब्ध गराइनुका साथै जोखिम क्षेत्रका समुदायलाई समेत सचेत गराइनेछ र समुदायमा विपद् सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१०८.विकास निर्माण तथा योजना प्रक्रियामा वातावरण, सरसफाइ, जैविक विविधता र विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहिकरण गर्दै विद्यालयस्तरमा समेत सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१०९. आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) लाई आवश्यक सामग्रीसहित स्तरोन्नति गरी विपद् व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

## जलवायु परिवर्तनः-

११०. जलवायुजन्य विपद्बाट हुने जनजीवन, पूर्वाधार र सम्पत्तिको क्षति न्यूनीकरणका प्रायसहरु गर्दै जलवायुमैत्री कृषि प्रणालि प्रवर्धन गरी गरी खाद्य सुरक्षा, पोषण तथा जीविकोपार्जन सुदृढ गरिनेछ।

१११. जलवायु सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सुशासन र सामाजिक समावेशीकरणलाई मूलप्रवाहिकरण गरिनेछ।

११२. जलवायु परिवर्तन सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रविधिको विकास गर्दै जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि स्थानीय अनुकूलन कार्ययोजना प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

११३. तथ्यमा आधारित नीति निर्माणलाई प्राथमिकता दिइनेछ। यसबाट निर्णय प्रक्रिया वैज्ञानिक र प्रभावकारी बनाइनेछ।

## फोहोरमैला व्यवस्थापनः-

११४. फोहोरमैला व्यवस्थापनका लागि आधुनिक तथा नविन प्रविधिको प्रयोगलाई प्राथमिकता दिइनेछ साथै फोहोरलाई आयको स्रोतका रूपमा उपयोग गर्ने सम्भाव्यता अध्ययन गरिनेछ।

११५. फोहोरमैला व्यवस्थापनमा नागरिक सहभागिता अभिवृद्धि गर्दै घरायसी फोहोरलाई स्रोतमा नै वर्गीकरण गर्ने व्यवस्था गरिनेछ। कुहिने फोहोरको जैविक मल उत्पादन तथा नकुहिने फोहोरको पुनःप्रयोग, पुनर्चक्रण र सुरक्षित व्यवस्थापनलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

# ५.सुशासन तथा सार्वजनिक सेवा प्रवाह

## सार्वजनिक सेवा प्रवाहः-

११६. पालिकाबाट प्रवाह हुने सेवा जनमुखी, पारदर्शी, जवाफदेही तथा सेवाग्राहीमैत्री बनाइनेछ। साथै विकास तथा सेवा प्रवाहमा सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।

११७. टोल विकास संस्थाहरूलाई नगरपालिकाको अभिन्न इकाइका रूपमा सुदृढ गर्दै संस्थागत क्षमता विकास गरी स्थानीय विकासमा प्रभावकारी रूपमा परिचालन गरिनेछ। साथै नतिजामुखी अनुगमन प्रणाली सुदृढ गर्दै योजना तथा कार्यक्रमहरू समयमै र गुणस्तरीय रूपमा सम्पन्न गरिनेछ।

११८. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा नागरिक सहभागितामूलक अनुगमनलाई सेवा प्रवाहको अनिवार्य र प्रभावकारी उपकरणका रूपमा कार्यान्वयन गरिनेछ। साथै कर्मचारीहरूको कार्यविवरण र कार्यसम्पादन सम्झौता लागू गरी कार्यसम्पादनलाई नतिजामुखी र उत्तरदायी बनाइनेछ।

११९. आर्थिक अनुशासन सुदृढ गर्दै बेरुजु फछ्र्यौट कार्यलाई प्रभावकारी रूपमा निरन्तरता दिइनेछ। साथै खरिद कार्यमा पारदर्शिता कायम गर्न खरिद योजना तथा खरिद गुरु योजना तयार गरी मात्र खरिद प्रक्रिया अघि बढाइनेछ र ई-बोलपत्र (E-Bid) प्रणालीलाई प्राथमिकता दिइनेछ।

१२०. शान्ति सुरक्षा सुदृढीकरणका लागि सम्बन्धित सुरक्षा निकायसँग समन्वय गरी आवश्यक स्रोतसाधन तथा पूर्वाधारमा सहयोग गरिनेछ। साथै अन्तरपालिका समन्वय, असल अभ्यास आदान-प्रदान तथा नागरिक स्तरमा समालोचनात्मक चेतना र सकारात्मक सोच विकासका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१२१. पालिकाका सम्पूर्ण गतिविधिहरूको तथ्यांकगत दस्तावेजीकरण गर्दै नगरवासीहरूको आर्थिक, सामाजिक तथा जनसांख्यिक विवरणलाई आर्थिक परिसूचकका आधारमा विश्लेषण गरी लक्षित योजना निर्माण र संस्थागत पारदर्शिता सुदृढ गरिनेछ।

## सूचना प्रविधिः-

१२२. पालिका तथा मातहतका कार्यालयहरूमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) र नेपाल सरकारको केन्द्रीकृत विद्युतीय हाजिरी प्रणाली लागू गर्दै प्रशासनिक कार्यलाई डिजिटल, पेपरलेस, पारदर्शी र सेवा केन्द्रित बनाइनेछ। साथै कर्मचारी तथा जनप्रतिनिधिहरूको सूचना प्रविधि, कृत्रिम बुद्धिमत्ता(AI), साइबर सुरक्षा र ई-शासनसम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरी सेवा प्रवाहलाई थप प्रभावकारी, गुणस्तरीय र सुशासित बनाइनेछ।

१२३. ई-गभर्नेन्स प्रणालीको विस्तार गर्दै सबै सेवाहरूलाई क्रमशः अनलाइन, छिटो, सहज र नागरिकमैत्री बनाइनेछ तथा डिजिटल अभिलेख व्यवस्थापनलाई संस्थागत गरिनेछ।

१२४.सेवा प्रवाह तथा सूचना सम्प्रेषणका लागि आधिकारिक डिजिटल प्लेटफर्म तथा सामाजिक सञ्जाललाई एकीकृत, व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

## राजश्वः-

१२५.राजश्व सुधार कार्ययोजना बनाई सरोकारवाला, जनप्रतिनिधि, व्यवसायी तथा कर्मचारीहरुलाई राजश्व परिचालन तथा अविवृद्धि कार्यक्रम संचालन गरी राजश्वको दायरामा विस्तार गरिनेछ ।

१२६.सञ्चार माध्यममार्फत करदाता शिक्षा प्रदान गर्ने, नियमित करदातालाई प्रोत्साहन तथा सम्मानस्वरूप कर दिवस (मंसिर १) मनाउने, व्यवसाय दर्ता तथा नविकरणको अवस्था समय-समयमा बजार अनुगमनमार्फत जाँच गर्ने र व्यवसायीलाई कर प्रणालीमा आबद्ध भई नियमित कर तिर्न प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ।

१२७."मैले तिरेको कर मेरै लागि" भन्ने नारालाई व्यवहारमा उतार्न गर्न स्थानीय मार्फत संकलन भएको करको खर्च हुने क्षेत्र एकिन गरी करदातालाई जानकारी गराइनेछ ।

## ६. न्यायिक क्षेत्र (न्यायिक समिति तथा विवाद समाधान):

१२८.विद्यमान कानुनी व्यवस्थाबारे समुदायस्तरमा सचेतना तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

१२९.न्यायिक समितिको सेवालाई प्रविधिमैत्री बनाउँदै छिटो, छरितो, पारदर्शी र विश्वसनीय न्याय सम्पादन गरिनेछ। साथै विपन्न तथा पहुँचविहीन वर्गको न्यायिक पहुँच सुनिश्चित गर्न आवश्यक परामर्श तथा सहयोग सेवा उपलब्ध गराइनेछ।

१३०.सामाजिक द्वन्द्वहरूको समाधान मेलमिलाप प्रक्रियामार्फत गरिनेछ र सम्बन्धित जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ।

**सभाका सदस्यज्यूहरु,**

मैले यस गुर्भाकोट नगरपालिकाको तर्फबाट आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम संक्षिप्त रूपमा प्रस्तुत गरिसकेको छु। समृद्ध गुर्भाकोट नगरपालिका निर्माणको अभियानमा नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूले दिनुभएको साथ, सहयोग र विश्वासप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। जनभावना अनुसार अघि बढ्ने हाम्रो निरन्तर प्रतिबद्धता रहेको व्यहोरा समेत अवगत गराउन चाहन्छु।

यस नीति तथा कार्यक्रम तयार गर्ने क्रममा अमूल्य सहयोग पुऱ्याउनुहुने नगरसभाका सदस्यज्यूहरू, कर्मचारीहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधिज्यूहरू, स्थानीय बौद्धिक वर्ग तथा सरोकारवाला महानुभावहरू, साथै विभिन्न संघ-संस्थाका प्रतिनिधिज्यूहरूप्रति हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दछु।

नगरको समग्र विकासका लागि प्राप्त सबै अमूल्य सुझावप्रति कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तर सहयोग र सहकार्यको अपेक्षा गर्दछु। उपस्थित सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

हस्त पुन
नगर प्रमुख

**२०८३ साल असार १० गते बुधबार**

**नेपाल सम्बत् ११४६ तछलाथ्व १० बुधबार**